फोन न. ९८५७०४६०३६

# पाल्हीनन्दन गाउँपालिका
# Palhinandan Rural Municipality
# गाँउ कार्यपालिकाको कार्यालय
# Office of Municipal Executive
कुश्मा, नवलपरासी (ब.सु.प.),लुम्बिनी प्रदेश,

पत्रसंख्या ०८२/०८३

चलानी न.

(दोस्रो पटक प्रकाशन मिति २०८३।०२।१३)

यस पाल्हीनन्दन गाउँपालिकाको आ.व २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार संघिय सरकारबाट यस पालिकालाई प्राप्त तपसिल बमोजिमका कार्यक्रमहरु नेपाल सरकार ,कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प्रदेश तथा स्थानीय तहमा सर्शत वितीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२ मा व्यवस्था भए बमोजिम ५० प्रतिशत लागत साझेदारीमा तपसिल बमोजिमका कार्यक्रम संचालन गर्न इच्छुक यस गाउँपालिका भित्र रहेका व्यवसायिक पशुपालन फर्म,कृषक उद्यमी,पशुपालन समुह,कृषि सहकारी तथा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन (मिति२०८३।०२।१९ गते कार्यालय समय) भित्र यस गाउँपालिकामा प्रस्ताव दर्ता गर्नहुन आव्हान गरिन्छ । साथै रित नपुगी वा म्याद नाघि प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क.स | कार्यक्रमको नाम | संख्या | कुल बजेट रु | लागत साझेदारी गर्न सकिने कियाकलापहरु | लक्षित वर्ग/समुदाय |
|---|---|---|---|---|---|
| १) | मासुको लागि पाडा प्रवर्द्धन कार्यक्रम | १ | ५,००,०००।- | १) गोठ निमार्ण/सुधार<br>२) पाडा खरिद तथा ढुवानीमा अनुदान<br>३) औषधि तथा खोप<br>४) पशु विमा<br>५)जैविक सुरक्षा सम्वन्धी कार्य | व्यवसायिक पशुपालन फर्म,कृषक उद्यमी,पशुपालन समुह,कृषि सहकारी तथा कम्पनीहरु |

आवश्यक कागजातहरुको सूची

१.निवेदकको नेपाली नागरीकताको प्रमाणित प्रतिलिपि

२.तोकिएको ढाँचामा निवेदन

३.सम्वन्धित वडा कार्यालयको सिफारिस

४.आवेदक सम्वन्धित सरकारी निकायमा दर्ता,नविकरण भएको कागजातको प्रमाणित प्रतिलिपि

५.कार्ययोजना अनुरुपको योग्यता,तालिम र अनुभव जनाउने कागजात

६.जग्गाको लालपुर्जाको प्रतिलिपि वा भाडामा भए कम्तिमा ५ वर्षको लागि भाडामा भएको सम्झौता पत्रको प्रतिलिपि

७.सहकारी संस्थाको हकमा सम्वन्धित व्यवसाय संचालन गर्ने उदेश्य खुल्ने कागजातको प्रतिलिपि

८.सघ संस्थाको हकमा स्थायी लेखा नम्वर र कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि

९.लाभग्राहिको कार्यक्रम संचालन गर्ने सम्वन्धी निर्णयको प्रतिलिपि

१०लाभग्राहिको कार्य समितिका पदाधिकारीहरुको नामावली

११.यसै प्रकृतिको कार्यका लगि विगत दुई (२) बर्ष देखि अनुदान नलिएको स्व-घोषण पत्र

१२.व्यवसायिक पशुपालन फर्म,कृषक उद्यमी,पशुपालन समुह,कृषि सहकारी तथा कम्पनीहरुको हकमा कार्यक्रम संचालन गर्ने सम्वन्धि निर्णयको प्रतिलिपि

नोटः-निवेदन,संक्षिप्त कार्ययोजनाको ढाँचा तथा कार्यक्रम संचालन कार्यबिधि यस कार्यालयको पशु सेवा शाखावाट प्राप्त गर्न सकिनेछ ।